बगनासकाली राजपत्र

बगनासकाली गाउँपालिका, पाल्पाद्वारा प्रकाशित

वर्ष–७, संख्या ७, मिति २०८०/०७/३०

भाग २

बगनासकाली गाउँपालिकाको

कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि–२०८०

–स्वीकृत मिति २०८०/०७/१९

प्रस्तावना :-

नेपाल एक कृषि प्रधान देश हो । कुल जनसंख्याको ६५.६ प्रतिशत नागरिक कृषिमा आश्रित रहेको पाईन्छ । साथै जनसंख्याको ६६ प्रतिशतले रोजगारीको अवसर प्रदान र कूल ग्राहस्थ उत्पादनको ३३ प्रतिशत कृषिमा योगदान भएतापनि विगतका वर्षहरुमा भन्दा हालका वर्षहरुमा कृषिमा आश्रित जनसंख्या घट्दै गएको छ । गाउँपालिकाले विनियोजन गरेको बजेटको सहि सदुपयोगका लागि यस कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्ने वातावरण सृजना गरी सेवा प्रदायक र सेवाग्राहीका लागि विश्वस्थ पारी उपलब्ध श्रोत साधनको सही सदुपयोग गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि बगनासकाली गाउँकार्यपालिकाले बगनासकाली गाउँपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८० बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस कार्यविधिको नाम **"बगनासकाली गाउँपालिका कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०"** रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

(ग) यो कार्यविधि बगनासकाली गाउँपालिका क्षेत्र भित्र लागु हुनेछ ।

२. परिभाषा : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"अध्यक्ष"** भन्नाले बगनासकाली गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ख) **"उपाध्यक्ष"** भन्नाले बगनासकाली गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(ग) **"कार्यपालिका"** भन्नाले बगनासकाली गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) **"कार्यालय"** भन्नाले बगनासकाली गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले बगनासकाली गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्दछ ।

(च) **"गाउँपालिका"** भन्नाले बगनासकाली गाउँपालिका चिर्तुङ्गधारा, पाल्पालाई सम्झनु पर्दछ ।

(छ) **"कृषक समुह"** भन्नाले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहनाहरु भएका न्युनतम् १५ वा सो भन्दा बढी व्यक्तिहरु मिलेर सामुहिक प्रयत्नद्धारा कृषि क्षेत्रमा साझा उद्देश्यहरु प्राप्त गर्न स्थापना भई बगनासकाली गाउँपालिकामा दर्ता भएको समूहलाई सम्झनु पर्दछ ।

(ज) **"फर्म"** भन्नाले प्रचलित कानुन अनुसार दर्ता भएको निजि क्षेत्रका व्यवसायी/उद्यमीको संस्था लाई सम्झनु पर्दछ ।

(झ) **"सहकारी"** भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएको कृषि सम्बन्धी कार्य गर्ने संस्थालाई सम्झनु पर्दछ ।

(ञ) **"अनुदान"** भन्नाले यस कार्यविधि अनुरुप सञ्चालन गरिने कार्यक्रमको लागि कार्यालयबाट उपलब्ध गराईने सामान तथा रकमलाई सम्झनु पर्दछ ।

(ट) **"अनुदानग्राही"** भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने कृषक/कृषक समूह/फर्म/सहकारी संस्थालाई सम्झनु पर्दछ ।

(ठ) **"कार्यक्रम"** भन्नाले यस बगनासकाली गाउँपालिकाको कृषि विकास शाखाले गर्ने सम्पुर्ण बार्षिक स्वीकृत क्रियाकलाप/कार्यक्रमलाई सम्झनु पर्दछ ।

(ड) **"समिति"** भन्नाले यस कार्यविधिको नियम ७ अनुसार गठित कार्यक्रम व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

परिच्छेद - २

सञ्चालित कार्यक्रमहरु

३. **कृषि विकास कार्यक्रमहरुको विवरण :** यस बगनासकाली गाउँपालिकाको कृषि विकास शाखाको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेटको परिधी भित्र रही देहाय बमोजिमका कार्यक्रमहरु हुनेछन् :

क.स.	कार्यक्रम	मापदण्ड	सञ्चालन गर्न सकिन क्रियाकलापहरु	अनुदान सिमा रकम/ प्रतिशत	कैफियत
१.	**सूचना प्रकाशन, व्यानर तथा होडिङ बोर्ड छपाइ**	बगनासकाली गाउँपालिकामा भएका कृषि सम्बन्धी कृयाकलापहरुको सूचना प्रचार प्रसार गर्ने तथा २ रोपनी भन्दा माथी खेती गरिएको नमुना क्षेत्रमा सूचना मुलक व्यानर लेखन गर्ने	व्यानर लेखन तथा प्रचार- प्रसार तथा सञ्चारमा आवश्यकता अनुसार खर्च गर्न सकिनेछ ।	१००%	
२.	**कृषि प्राविधिकको लागि पुनर्ताजकि तालिम**	बगनासकाली गाउँपालिकामा कार्यरत कृषि प्रविधिकहरुलाई क्षमता अभिवृद्धि सम्बन्धि तालिम संचालन गर्ने ।	कृषि विकास शाखाबाट तयार पारिएको प्रस्तावना अनुसार कार्यालय प्रमुखले निर्णय गरे पश्चात् आवश्यकतानुसार तालिम संचालनमा हुने खर्च गर्न सकिने छ ।	१००%	

३.	**आकस्मिक बाली संरक्षण सेवा**	● कार्यालयले कुनै क्षेत्रमा आकस्मिक रुपमा बाली तथा विरुवामा शत्रुजिवको प्रकोप देखा परेमा निदान तथा व्यवस्थापनका कार्य सञ्चालन गर्नुपर्ने । ● आकस्मिक रुपमा बालीनालीको रोग किरा पहीचान गर्न घुम्ति स्थलगत शिवीर सञ्चालन गर्न सकिने छ ।	कृषि विकास शाखाबाट तयार पारिएको प्रस्तावना अनुसार कार्यालय प्रमुखले सदर गरे पश्चात् आवश्यकतानुसार कार्यक्रम संचालनमा हुने खर्च गर्न सकिनेछ ।	१००%	
४.	**कृषि उपज बजारिकरण ढुवानीमा सहयोग कार्यक्रम**	● उत्पादित कृषि उपजमा ढुवानी अनुदानको व्यवस्था गरिने । ● न्युनतम् ५०० के.जी.को एउटै बाली तथा महको हकमा १०० के.जी. बिक्रि गरेको हुनुपर्ने, बिक्रि गरेको प्रमाण (खरीद गने ब्यापारी वा सहकारीको बिल, भरपाई वा निर्णय) ● वडा कार्यालयको सिफारिस पत्र र प्रमाणका लागि फोटो अनिवार्य रहने ● माग निवेदनको आधारमा । ● विनियोजित बजेटलाई मध्यनजर गरी उत्पादित बालीको बजारीकरणमा रु.१ प्रति के.जी. र उत्पादित महको बजारीकरणमा रु. २ प्रति के.जी.का दरले ढुवानी अनुदान रकम स्वीकृत गर्न सकिनेछ ।	कृषि उपज बजारीकरणमा ढुवानी वापतको रकम उपलब्ध गराउने ।	१००%	

५.	**किसान सूचिकरण समपुरक**	नेपाल सरकारले जारी गरेको किसान सूचिकरण कार्यक्रम कार्यान्वयन विधि २०७७ बमोजिम गर्न सकिने, प्रदेश र संघीय सरकारको समन्वयमा सञ्चालन गर्न सकिने, सोही कार्यविधि बमोजिम सम्बन्धित कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने ।	●किसान सूचिकरण वेभ साइट तथा मोबाइल एप मार्फत सफ्टवेयर प्रणालीमा कृषकहरुको विवरण प्रविष्ट गरी अध्यावधिक गर्ने र स्थानीय तह मार्फत परिचालित गणकहरुको क्षमता अभिवृद्धि तथा समन्वय गर्ने ●तंथ्याक संकलन सामाग्री वा तालिम प्रदान गर्न सकिने	नेपाल सरकारले जारी गरेको किसान सूचिकरण कार्यक्रम कार्यान्वयन बिधि २०७७ बमोजिम गर्न सकिने,	
६.	**गाउँपालिका स्तरीय कृषि मेला प्रर्दशनी कार्यक्रम**	पुरस्कृत गर्न सकिने विधाहरु (खाध्यान्न बाली, दलहन तथा नगदे बाली, फलफूल, तरकारी, आलु तथा विविध बाली वस्तु) मा स्थानीय तहमा तोकिए बमोजिमको नियम अनुसार खर्च निर्णय अनुसार गर्न सकिनेछ । खर्चका शीर्षक निम्न बमोजिम हुनेछन् : १.प्रथम पुरस्कार रकम २.द्वितीय पुरस्कार रकम ३.तृतीय पुरस्कार रकम ४.प्रोत्साहन पुरस्कार रकम ५.स्टल निर्माण खर्च ६. व्यानर तथा प्रसार खर्च ७. विज्ञहरुको पारिश्रमिक ८. चियापान (एकमुष्ट) ९. विविध	पुरस्कार,स्टल निर्माण, व्यानर लेखन, प्रचार प्रसार, सञ्चार, विज्ञहरुको पारिश्रमिक तथा विविध शीर्षकमा प्रस्तावना तयार गरि कार्यालय प्रमुख समक्ष स्वीकृत गराई रकम खर्च गर्न सकिने ।	१००%	

७.	**पकेट विकास कार्यक्रम (बाली विशेष)**	पकेट कार्यक्रम संचालन गर्न चाहाने कृषक,समूह,सहकारी तथा फर्मले भौगोलिक तथा प्राविधिक संम्भाव्यताको आधारमा बगनासकाली गाउँपालिका अर्न्तगत कृषि विकास शाखामा निवेदन दिन सक्नेछन् र प्राप्त निबेदन प्राविधिकले गरेको अनुगमन प्रतिवेदनको आधारमा पकेट क्षेत्र निर्माण हुनेछ। ●खाद्यान्न बाली : १५० रो., ●आलु,तरकारी,दलहन,तेलहन, मसला, तथा फलफूल बाली : ७० रो., ●मौरी पालन : २० वटा आधुनिक घारमा मौरी पालन गरेको ●प्लाष्टिक टनेल घरमा खेती : ७२० वर्ग मि.मा खेती गरेको हुनुपर्नेछ। कृषक, समूह, सहकारी तथा फर्मले निवेदन दिदा टोललाई लक्षित गरेर निवेदन पेश गर्न सक्नेछन् ।	बीउ विजनहरु, कृषि यन्त्र उपकरणहरु, कृषिका लागि आवश्यक सामाग्री, पूर्वाधार निर्माणका कार्यक्रमहरु,तालिम, गोष्ठी तथा विविध कार्यक्रम सञ्चालन गर्न सकिने ।	५०% अनुदानमा (अधिक्तम रु.७५,०००।)	बीउ विजनहरु, कृषि यन्त्र उपकरण तथा उत्पादन सामाग्रीमा ५०% सिँचाई तथा पुर्वाधारको क्षेत्रमा ८५% तालिम, गोष्ठी तथा अनुगमनमा शत प्रतिशत र कम खर्च गर्न सकिने ।
८	**माटो व्यवस्थापन कार्यक्रम**	●उपयुक्त स्थलको छनौट गरी कार्यक्रम सञ्चालन गर्ने, माटो परिक्षण शिविर आवश्यकतानुसार सञ्चालन गर्ने, न्यूनतम १०० वटा माटोको नमूना परिक्षण गर्नुपर्ने, ●कम्पोष्ट मल : कम्पोष्ट खाडलको हकमा लम्बाई आवश्यकता अनुसार, चौडाई १.५ मि. र गहिराई १ मि. हुनुपर्ने, कृषि चुन सिफारिस अनुसार, खाडल ढाक्न पुग्ने गरी प्लाष्टिक वा अन्य सामाग्री	माटो परिक्षण शिविर सञ्चालन, प्रचार-प्रसार तथा अभिमुखिकरण, माटो व्यवस्थापन सम्बन्धी क्षमता अभिबृद्धि, कम्पोष्ट मल उत्पादनमा सहयोग गर्न सकिने ।	१००%	स्वीकृत लागत अनुमान र स्वीकृत प्राविधिक लागत अनुमान अनुसार गर्ने ।

९	**रैथाने बाली प्रर्वद्धन कार्यक्रम**	● रैथाने बाली प्रर्बद्धन कार्यक्रम संचालन गर्न चाहाने कृषक समूह, सहकारीले भौगोलिक तथा प्राविधिक संम्भाव्यताको आधारमा गाउँपालिका अर्न्तगत कृषि विकास शाखामा निबेदन दिन सक्नेछन् र प्राप्त निवेदन प्राविधिकले गरेको अनुगमन प्रतिवेदनको आधारमा रैथाने प्रर्वद्धन कार्य क्षेत्र निर्धारण हुनेछ । ● कोदो, फापर, जौ, गहत, पिडालु, बोडा खेति अनुदानका लागी न्यूनतम १ हेक्टर (२० रो.) क्षेत्रफलमा रोपण गरेको हुनुपर्ने छ । कृषक समूह, सहकारीले निवेदन दिदाँ टोललाई लक्षित गरेर निवेदन पेश गर्नु पर्नेछ ।	वीउं विजनहरु, कृषि यन्त्र उपकरणहरु, कृषिका लागि आवश्यक सामाग्री, तालिम गोष्ठी तथा विविध कार्यक्रम सञ्चालन गर्न सकिने ।	रैथाने बाली प्रर्बद्धन कार्यक्रम सञ्चालानार्थ उत्पादन सामाग्री तथा अन्य खर्चको बिल अनुसार को रकम वा रु. ४३,०००। नबढ्ने गरि प्रति समुह तथा सहकारी लाई अनुदान दिन सकिने ।	● रैथाने बालीका स्थानीय तथा उन्नत जातका वीउं खरीद, प्याकेजिङ्ग र लेबलीङ्ग, **बजारीकरण** तथा वीउं ढुवानीमा शत प्रतिशत अनुदान दिन सकिने । ● पिसानी मेसिनमा बढिमा ८५% सम्म अनुदान दिन सकिने । ● तालिम, गोष्ठी तथा अनुगमनमा शत प्रतिशत रकम खर्च गर्न सकिने

१०	**व्यवसायिक कफि तथा फलफूल बगैंचा व्यवस्थापन कार्यक्रम**	प्राप्त निवेदनको प्राविधिकले गरेको अनुगमन प्रतिवेदनको आधारमा कार्यालयले उपयुक्त बगैंचाको छनौट गरी कार्यक्रम सञ्चालन गर्ने, कार्यालयले फलफूल बगैंचाको उत्पादकत्व बृद्धि गर्न काटछाँट, रोग निदान तथा व्यवस्थापन सहयोग सञ्चालन गर्ने, कम्तिमा फलफूल २ रोपनी र कफी १ रो पनी क्षेत्रफलमा सञ्चालन भएको हुनुपर्ने नमूनाको रुपमा बगैंचा सुदृढिकरण गर्नु पर्ने	फुट फ्लाईको लागि ट्राप, ढुसिनाषक, किटनाषक विषादी खरिद अन्य आवश्यक सामाग्री तथा प्राविधिक सेवा उपलब्ध गराईने	शत प्रतिशत अनुदानमा प्रति कार्यक्रमको लागि फलफूल बगैंचाको हकमा अधिकतम रु. ३०,०००। र कफि व्यवस्थापनको लागि उपकरणमा अधिकतम रु. ५०,०००। अनुदान दिन सकिने	
११	**दिवसीय कार्यक्रम संचालन**	कृषि सम्बन्धी विभिन्न दिवसीय कार्यक्रमहरु सञ्चालन गर्न सकिने	कार्यालय प्रमुख संग प्रस्तावना स्वीकृत गराई सोही अनुसार कार्यक्रम संचालन गर्न सकिने छ । कार्यक्रम सञ्चालन गर्दा कार्यक्रम व्यानर, खाजा नास्ता, प्रचार प्रसार तथा व्यवस्थापन र विविध खर्च गर्न सकिने	१००%	
१२	**मागमा आधारित कृषि कार्यक्रम**	मागको आधारमा कृषक समूह/सहकारी/फर्महरुबाट प्राप्त आवेदनहरुलाई प्राविधिकको सिफारिसको आधारमा मागमा आधारित कृषि कार्यक्रम सञ्चालन गर्न सकिने, कम्तिमा तरकारी र फलफूलको हकमा २ रोपनी क्षेत्रफलमा खेति गरेको हुनुपर्ने, मौरी पालनको हकमा ५ वटा आधुनिक घारमा मौरी पालन गरेको हुनुपर्ने	बीउ बिजन खरिद, उत्पादन मुलक कार्य, बजारीकरणका क्रियाकलापहरु सञ्चालन गर्ने ।	मागका आधार मा ५०% वा रु.२०,०००/- नबढ्ने गरी उत्पादन सामग्री अनुदान सहयोग ।	

१३	**स्थानीय तह अनुदानको मल वितरण तथा व्यवस्थापन**	गाउँपालिका क्षेत्र भित्रका रासायनिक मल कारोबार गर्ने सहकारीहरुको मल बिक्रि स्थल, गोदाम अनुगमन तथा विभिन्न समयमा बसिने स्थानीय तह अनुदानको मल वितरण तथा व्यवस्थापन समितिको बैठक संचालन गर्दा खाजा नास्ता तथा कार्यालयको बैठक बापतको भत्ता रकम (कार्यालय समय अगाडी वा पछाडीकै बैठक वापत) दिन सकीनेछ ।	कार्यक्रम खाजा नास्ता (बैठक सञ्चालन गर्दा), प्रचार प्रसार तथा व्यवस्थापनमा खर्च गर्न सकिने,अनुगमनको क्रममा लाग्ने गाडी भाडा (रिर्जभ) को खर्च पनि सोही शीर्षकबाट आवश्यकतानुसार गर्न सकिनेछ ।	स्थलगत अनुगमन कर्तालाई प्रति व्यक्ति प्रति दिन रु. १,०००। अनुगमन भत्ता रकम दिन सकिनेछ, साथै बैठक भत्ता प्रति दिन रु.१,०००। दिन सकिनेछ ।	
१४	**अनुगमन, मुल्याङ्कन एंव बैठक संचालन खर्च**	कार्यक्रम संचालनको क्रममा छनौट तथा भुक्तानी प्रकृया प्रभावकारी वनाउन स्थलगत अनुगमन तथा विभिन्न कार्यक्रम संचालनको लागि बैठक संचालन गर्दा खाजा नास्ता तथा भत्ता (कार्यालय समय अगाडी वा पछाडीकै बैठक वापत) दिन सकीनेछ ।	कार्यक्रम खाजा नास्ता, प्रचार प्रसार तथा व्यवस्थापनमा खर्च गर्न सकिने	स्थलगत अनुगमन कर्तालाई प्रति व्यक्ति प्रति दिन रु.१,०००। अनुगमन भत्ता रकम दिन सकिनेछ, साथै बैठक भत्ता प्रति दिन रु.१,०००। दिन सकिनेछ ।	
१५	**मासिक कृषि कर्मचारी बैठक तथा विविध खर्च**	शाखामा मासिक बैठक, गोष्ठी लगायत प्रयोजनमा खर्च गर्न सकिने कार्यालय प्रयोजनका लागि उपयोग गर्ने ।	खाजा, खाना, बैठक संचालन खर्च तथा विविध खर्च शीर्षकबाट कृषि शाखाको प्रस्तावनामा कार्यालय प्रमुखको स्वीकृतमा खर्च गर्न सकिनेछ ।	बैठक भत्ता प्रति दिन रु.१,०००। दिन सकिनेछ । (कार्यालय समय बाहेकको बैठक वापत)	

१६	**कृषि सामग्री ढुवानी तथा विविध**	कार्यक्रम सञ्चालन प्रयोजनका लागि ।	गाउँपालिकामा वितरण गरिने विभिन्न वीउं विजन तथा कृषि सामाग्री वडा सम्म पुऱ्याउन प्रयोग गरीने छ, साथै विविध खर्च शीर्षकबाट कृषि शाखाको प्रस्तावनामा कार्यालय प्रमुखको स्वीकृतमा खर्च गर्न सकिनेछ ।	१००%	
१७	**कृषि यान्त्रिकरण कार्यक्रम**	मागका आधारमा कृषक समूह/सहकारी/फर्महरुबाट प्राप्त आवेदनहरु प्राप्त निवेदन प्राविधिकले गरेको अनुगमन प्रतिवेदनको आधारमा कार्यक्रम व्यवस्थापन समितिको स्वीकृतीमा कृषि यान्त्रिकरण सामग्रीहरुमा अनुदान दिन सकिने छ ।	मागका आधारमा बेसार पिस्ने मेसिन, कुटानी पिसानी, मिनीटिलर, स्प्रेयर लगायतका कृषि यान्त्रिकरणका सामग्रीहरु वितरण गर्ने ।	५०% अनुदानमा (मिनिटिलरको हकमा रु.३५,०००। र कुटानी पिसानी मिलको हकमा रु.२०,०००। नबढ्ने गरि)	
१८	गाउँपालिकाको बार्षिक स्वीकृत कृषि विकास कार्यक्रम अनुसार कार्यक्रम सञ्चालन गरिनेछ र वडागत कृषि विकास कार्यक्रम सञ्चालनको हकमा वडा कार्यालयको सिफारिस बमोजिम कार्यक्रम सञ्चालन गर्न सकिने छ ।				

परिच्छेद - ३

कार्यक्रम सञ्चालन प्रक्रिया

४. प्रस्ताव माग : कार्यालयले स्वीकृत बजेट तथा कार्यक्रम अनुसार (आवश्यकता अनुसार) ५/७/११/१५/२१ र ३५ दिनको सूचना प्रकाशन गरी कृषक/कृषक समूह/सहकारी/फर्महरुसँग प्रस्ताव माग गर्नेछ । सूचना अनुसूची १ बमोजिमको ढाँचामा हुनेछ ।

५. प्रस्ताव पेश :

१. सूचनामा तोकिए बमोजिमको कागजातहरु सहित नियम ६ मा उल्लिखित कार्यक्रमहरुमा मापदण्ड पुगेका इच्छुक प्रस्तावकहरुले कार्यालयले तयार गरेको निवेदनको ढाँचा सहित प्रस्ताव पेश गर्नुपर्नेछ ।

२. प्रस्तावको ढाँचा अनुसूची २ बमोजिम हुनेछ ।

३. प्रस्तावना पत्र साथ कार्ययोजना समेत तयार गरी पेश गर्नुपर्नेछ । ढाँचा अनुसूची-३ बमोजिम हुनेछ ।

४. नियम नं. ८ को प्रस्ताव सँग स्वःघोषणा पत्र पनि पेश गर्नु पर्नेछ । ढाँचा अनुसूची-४ बमोजिम हुनेछ ।

५. प्रस्ताव साथ पकेट विकास कार्यक्रमको हकमा क्षेत्र समेत माग गरी सम्बन्धित फारम पेश गर्नु पर्नेछ । ढाँचा अनुसूची-५ बमोजिम हुनेछ ।

६. प्रस्ताव छनौट तथा सिफारिस : नियम ७ बमोजिम माग गरिएका कागजातहरु कृषि विकास शाखाले रुजु गरी नियम १२ मा व्यवस्था भए बमोजिमको कार्यक्रम व्यवस्थापन समितिले छनौट गर्नेछ ।

७. अनुगमन : नियम १३ बमोजिमको कार्यक्रम व्यस्थापन समितिले जुनसुकै समयमा कार्यक्रमको अनुगमन गर्न सक्नेछ, वडा कृषि प्राविधिक र वडा कार्यालयले गरेको सिफारिसको आधारमा अनुदानग्राही छनौट गर्न सकिने छ ।

८. सम्झौता प्रक्रिया : (क) कार्यक्रम व्यवस्थापन समितिको निर्णय अनुसार सम्झौता गर्नु पर्ने कार्यक्रमहरुमा छनौट भएका अनुदानग्राही र कार्यालय बीच स्वीकृत कार्ययोजना बमोजिम सम्झौता गरिनेछ ।

(ख) सम्झौता पश्चात् कार्यालयले काम गर्ने अनुमति दिनेछ (काम गर्ने अनुमतिको आधार सम्झौता पत्र तथा लागत अनुमानलाई मान्न सकिनेछ) ।

(ग) कार्यक्रम सम्झौतामा तोकिएका क्रियाकलापहरु तोकिएको समयाबधी भित्र सम्पन्न गर्नुपर्नेछ ।

९. अन्य : खरिद गरी वितरण गर्नु पर्ने कार्यक्रमहरुका हकमा समितिको बैठकको निर्णयानुसार खरिद समितीले प्रचलित ऐन, कानूनको अधिनमा रही गर्नेछ । (सम्झौता गरिएका कार्यक्रमको सम्पुर्ण अधिकार सम्झौता गर्ने कृषक, समूह, सहकारी, फर्म सँग हुनेछ)

परिच्छेद - ४

समिति सम्बन्धि व्यवस्था

१०. कार्यक्रम व्यवस्थापन समिति : (१) कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत	संयोजक
(ख) आर्थिक प्रशासन शाखा प्रमुख	सदस्य
(ग) योजना शाखा प्रमुख	सदस्य
(घ) जिन्सी इकाई प्रमुख	सदस्य
(ङ) कृषि विकास शाखा	सदस्य सचिव

(३) समितिको बैठकमा आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ। (आमन्त्रितको रुपमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रवक्ता तथा आवश्यकतानुसार वडा अध्यक्ष र कृषि सेवाका प्राविधिकलाई आमन्त्रित गर्न सकिनेछ)

(४) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) प्राप्त प्रस्तावहरु प्रारम्भिक छनौटको लागि आवश्यकता अनुसार कृषि विकास शाखालाई जिम्मेवारी तोक्ने ।

(ख) प्रारम्भिक छनौटमा स्वीकृत भएका प्रस्तावहरुलाई स्थलगत अनुगमन वा आवश्यकता अनुसार जिम्मेवारी दिने ।

(ग) स्थलगत प्रमाणिकरणबाट प्राथमिकतामक्रम तोकि सिफारिस भएका प्रस्तावहरुलाई मूल्याङ्कन गरी अनुदान कार्यक्रमका लागि प्रस्ताव छनौट गर्ने ।

(घ) अनुदानका लागि सिफारिस भएका प्रस्तावहरुको विवरण थपघट गर्नुपर्नेमा सुझाव सहित पुनः प्रमाणिकरणका लागि फिर्ता पठाउन वा आवश्यक परेमा शर्त सहित वा निःशर्त स्वीकृत गर्ने ।

(ङ) छनौटमा परी स्वीकृत भएका प्रस्तावहरुलाई सम्झौता गर्न शाखालाई सिफारिस गर्ने ।

(च) कार्यक्रमको अनुगमन गर्ने र प्रभावकारी कार्यान्वयनका लागि सरोकार वालालाई राय सुझाव दिने ।

(छ) प्रस्ताव/मूल्याङ्कन सूचक/आधारहरुको ढाँचामा संशोधन गर्नुपरेमा कृषि विकास शाखालाई सिफारिस गर्नेछ ।

परिच्छेद - ५

भुक्तानी प्रक्रिया

११. भुक्तानी प्रक्रिया : (१) कार्य प्रगति/कार्य सम्पन्नताको आधारमा मात्र कार्यालयबाट रकम भुक्तानी हुनेछ ।

(२) रकम भुक्तानी गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार भुक्तानी गरिनेछ ।

(३) कार्यक्रम सम्पन्न भएको आधारमा कार्यालयले देहाय बमोजिमको प्रक्रिया पूरा गरे पछि मात्र भुक्तानी गर्नेछ :

(क) सम्झौता र कार्ययोजना अनुसारको कार्य सम्पन्न भए पश्चात खर्च भएको बिल भरपाईको सक्कलै कागजपत्र सहित समयावधि भित्र पेश गर्नु पर्नेछ ।

(ख) सम्पन्न गरिएको क्रियाकलापको फोटो समावेश गर्नु पर्नेछ ।

(ग) सकेसम्म सम्बन्धित अनुदानग्राहीले सञ्चालन गरेको व्यवसायको उत्पादन, बजारिकरण र आम्दानी सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(घ) काम सम्पन्न गरेको वडा कार्यालयको सिफारिस पत्र पेश गर्नुपर्नेछ ।

(ङ) आवश्यकता अनुसार वडा कार्यालयले कार्यक्रमको अनुगमन तथा रेखदेख गरि वडाबाट सिफारिस गर्नुपर्नेछ ।

(च) दुई लाख भन्दा बढीको कार्यक्रमको सम्बन्धित स्थलमा कार्यक्रमको विवरण प्रष्ट देखिने गरी होर्डिङ्गबोर्ड/सूचनापाटी राखेको हुनुपर्नेछ ।

(४) कार्यक्रमको रकम भुक्तानी गर्दा १.५ प्रतिशत अग्रिम आयकर र पुँजिगत निर्माण कार्यको हकमा नियमानुसार कन्टेन्जेन्सी रकम कट्टा गरिनेछ । उक्त रकम प्रचलित कानून अनुसार खर्च गर्न सकिनेछ ।

परिच्छेद - ६

कार्यक्रम सुपरिवेक्षण, अनुगमन, प्रतिवेदन र समन्वय सम्बन्धी व्यवस्था

१२. सुपरिवेक्षण तथा अनुगमन : आवश्यकता अनुसार कार्यालयले कार्यक्रमको सुपरिवेक्षण तथा अनुगमन गरी राय सुझाव र सरसल्लाह दिनेछ ।

१३. प्रतिवेदन : सञ्चालित कार्यक्रमको अनुगमन टोलीले कार्यालयलाई प्रतिवेदन उपलब्ध गराउन सक्नेछ ।

परिच्छेद - ७

विविध

१४. कारवाहीको व्यवस्था : सम्झौता अनुसार कार्य नगरेमा तथा अनुदान प्राप्त सामग्री वा रकमको दुरुपयोग गर्ने अनुदानग्राहीसँग प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१५. बाधा अड्चन, निरुपण र संसोधन : (१) यस कार्यविधि कार्यान्वयनमा बाधा, अड्चन वा विवाद भएमा सोको निरुपण कार्यालयले गर्नेछ ।

(२) यो कार्याविधिको आवश्यक संशोधन गर्नु परेमा कृषि विकास शाखाको सिफारिसमा कार्यपालिकाले गर्न सक्नेछ ।

(३) परिच्छेद २ को नियम (६) बमोजिमका कार्यक्रम/क्रियाकलापहरुको मापदण्ड र अनुदान सम्बन्धि व्यवस्था वडा प्राबिधिकको सिफारिशमा कार्यक्रम व्यवस्थापन समितिले स्वीकृत गरी कार्यक्रहरु सञ्चालन गर्न सकिनेछ ।

अनुसूची - १

परिच्छेद ३, नियम नं. ७ संग सम्बन्धित

बगनासकाली गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

चिर्तुङ्गधारा, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

(प्रथम पटक सूचना प्रकाशित मिति : ....)

कार्यक्रम मागको प्रस्ताव आह्वान सम्बन्धी सूचना ।

आ.व. २०८०।०८१ को बार्षिक स्वीकृत कृषि विकास कार्यक्रम अनुसार तपसिलका कार्यक्रमहरुमा सहभागि हुन ईच्छुक आबेदकहरुले सूचना प्रकाशित भएको मितिले ....दिन भित्र (मिति ....गते सम्म) यस कार्यालय अर्न्तगत कृषि विकास शाखा तथा वडा कार्यालयहरुमा तपसिलको कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नुपर्ने आवश्यक कागजात यस कार्यालय अर्न्तगत कृषि विकास शाखा तथा वडा कार्यालयबाट प्राप्त गर्न सकिने छ । थप जानकारीका लागि कृषि विकास शाखाको सम्पर्क नं....................मा सम्पर्क गर्न सकिनेछ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

क्र.स.	कार्यक्रम	मापदण्ड	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	अनुदान सिमा	कार्यक्रम संचालन हुने क्षेत्र	आवेदकको किसिम	कैफियत

संलग्न गर्नु पर्ने कागजातहरु :

१. निवेदन (अनुसूचि २ बमोजिम) ।

२. दर्ता/नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि (समूह/निजीफर्म/कम्पनी/सहकारी) ।

३. अनद्रदान माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि (समूह/सहकारी) ।

४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

५. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि (समूह/सहकारीको हकमा अध्यक्षको) ।

६. प्रस्तावित कार्यक्रमको संक्षिप्त कार्ययोजना (अनुसूचि ३ बमोजिम) ।

७. जग्गा धनि प्रमाण पद्रर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा तोकिएको अवधी खद्रलेको सम्झौता पत्र ।

....

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची - २

परिच्छेद ३, नियम नं. ८ को उपनियम २ संग सम्बन्धित

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बगनासकाली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
चिर्तुङ्गधारा, पाल्पा । मिति :

विषय : .... कार्यक्रम सञ्चालनका लागि प्रस्ताव सहितको निवेदन सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति............................मा प्रकाशित भएको सूचना अनुसार ....कार्यक्रममा सहभागि हुन ईच्छुक भएकोले कार्यालयले उल्लेख गरेको मापदण्ड र शर्तहरुको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न निम्न बमोजिमका आवश्यक कागजातहरु संलग्न गरी यो प्रस्ताव सहित निवेदन पेश गरेको छु/छौं ।

संलग्न कागजातहरु :

प्रस्तावकको निवेदन	छ	छैन
नागरिकता प्रमाणपत्रको प्रतिलिपि		
दर्ता/नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि		
कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव		
वडा कार्यालयको सिफारिस पत्र		
जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा सम्झौता पत्र		
अनुदान माग गर्न गरिएको समूह/सहकारी निर्णयको प्रतिलिपि		
अनुमानित लागत रकम (निर्माण गरिने पुर्वाधारको हकमा)		
अनुदानग्राहीले सोही कार्यको लागि विगतका बर्षदेखि अनुदान रकम नपाएको स्वः घोषणापत्र		

माथि उल्लेखित विवरण तथा कागजातहरु सहि सत्य छन् । विगतका बर्षदेखि यसै प्रकृतिको कामको लागि कुनै पनि अनुदान लिएको छैन भनी सहिछाप गर्ने :

निवेदक

हस्ताक्षर :

नाम थर :

ठेगाना :

सम्पर्क नं.:

समूह, समितिको नाम :

संस्थाको छाप :

अनुसूची - ३

परिच्छेद ३, नियम नं. ८ को उपनियम ३ संग सम्बन्धित

........................कार्यक्रमको संक्षिप्त कार्ययोजना

खण्ड-क

(क) प्रस्तावक तथा प्रस्तावित आयोजनाको विवरण

आवेदकको विवरण

नाम थर :

ठेगाना :

सम्पर्क नं.:

प्रस्तावित आयोजनाको नाम :

शैक्षिक योग्यता :

तालिमको विवरण :

(ख) प्रस्तावित आयोजनाको विवरण

१. आयोजनाको नाम :

२. आयोजनाको मुख्य उद्देश्य :

३. प्रस्तावित योजना सम्बन्धी अनुभव :   बर्ष
४. आयोजनाको क्षेत्रफल/संख्या :
५. हालको उत्पादन :   वार्षिक आम्दानी :
६. आयोजना पश्चात्को उत्पादन :   वार्षिक आम्दानी :
७. आयोजना स्थलमा पूर्वाधार : सडक/बिजुली/सिँचाई/पानी आदि ।
सडक :
बिजुली :
सिँचाई :

(ग) प्रस्तावित क्रियाकलापहरु :

क.स.	क्रियाकलाप	इकाई	कुल लागत	अनुदान माग	कैफियत

(घ) कार्यक्रम सम्बन्धी संक्षिप्त विवरण :

(१) आवश्यकता र औचित्य

(२) आयोजना संचालन हुने स्थान र क्षेत्रफल

(३) आयोजनाबाट उत्पादन हुने वस्तुको सूची

(४) आयोजनाबाट उत्पादित वस्तुको बजार

उपयुक्त बमोजिमको विवरणहरुको जाने बुझेसम्म सहि छ यदि झुटो ठहरिएमा निवेदन स्वतः खारेज भई कानून बमोजिम सहुँला बुझाउँला भनि सहिछाप गर्ने ।

निवेदक

हस्ताक्षर :

नाम थर :

ठेगाना :

सम्पर्क नं.:

समूह, समितिको नाम :

संस्थाको छाप :

अनुसूची - ४
परिच्छेद ३, नियम नं. ८ को उपनियम ४ संग सम्बन्धित
प्रतिवद्धता पत्र र स्व-घोषणा

बगनासकाली गाउँपालिकाको मिति..............................गतेको सूचना अनुसार .... कार्यक्रममा सहभागिताको लागि कार्ययोजना सहितको आवेदन पेश गरेको छु/छौं । म नेपालमा सरकारी, गैर सरकारी वा शैक्षिक क्षेत्रमा रोजगारीमा संलग्न नभएको व्यहोरा उल्लेख गर्दै उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु । कार्ययोजनामा उल्ले ख भए बमोजिमको कार्य नगरेमा प्राप्त अनुदान रकम फिर्ता गर्ने प्रतिवद्धता व्यक्त गर्दछु । अन्यथा प्रचलित ऐन कानून बमोजिम सहुँला/बुझाउँला साथै प्रस्तावित कार्यको लागि अन्य कुनै निकायबाट १ पटक भन्दा धेरै पटक अनुदान सहयोग प्राप्त नगरेको प्रतिबद्धता समेत व्यक्त गर्दछौं ।

इति सम्बत २०८......... साल ....महिना......... गते ....रोज शुभम् ।

दायाँ	बायाँ

निवेदक

हस्ताक्षर :

नाम थर :

ठेगाना :

सम्पर्क नं.:

संस्थाको नाम :

संस्थाको छाप : :

अनुसूची - ५

परिच्छेद ३, नियम नं. ८ को उपनियम ५ सँग सम्बन्धित

पकेट क्षेत्र मागको लागि आधारभुत तथ्याङ्क फारम

१) प्रस्तावित पकेट विकास हुने बालीको नामः

२) प्रस्तावित पकेट विकास गरिने स्थानः

३) प्रस्तावित पकेट क्षेत्रमा परियोजना अन्तर्गत सञ्चालन भैसकेका पकेटको विवरण

पकेट सञ्चालन भएको बाली/वस्तु	गाउँपालिका	वडा नम्बर	पकेटको क्षेत्रफल	पकेट सञ्चालनको अवधी

४) प्रस्तावित पकेट क्षेत्र अन्तर्गत कार्यक्रममा समावेश हुन सक्ने घरधुरीहरुको विवरण

गाउँपालिका	वडा नम्बर	लक्षित कृषक घरधुरी संख्या

५) प्रस्तावित पकेट क्षेत्रमा समावेश हुने खेती योग्य जग्गाको विवरण

जग्गाको किसिम	क्षेत्रफल (हेक्टर)	सिंचित (हेक्टर)	असिंचित (हेक्टर)	सिन्चित भए सिँचाइको स्रोत
खेत				
पाखो				
बारी				
जम्मा				

६) प्रस्तावित पकेट सञ्चालन क्षेत्रको प्रमुख बालीको हालको क्षेत्रफल तथा उत्पादकत्व विवरण

पकेट क्षेत्रको हालको प्रमुख बाली वस्तुहरु	कुल क्षेत्रफल (हेक्टर/संख्या)	उत्पादकत्व (मे.टन/हेक्टर)	कुल उत्पादन (मे.टन)	अनुमानित विक्री परिमाण (मे.टन)
बहुबर्षीय वाली				
मौसमी बालीहरु				
पशुपालन				
मत्स्यपालन				

७) प्रस्तावित पकेट कार्यक्रमबाट प्राप्त हुने अपेक्षित उपलब्धिहरु (पकेट सञ्चालन पश्चात प्राप्त हुने उपलब्धि विवरण उल्लेख गर्ने)

क) फलफूल बगैंचा

जग्गाको क्षेत्रफल	जम्मा बोट संख्या	पूर्ण रुपमा उत्पादन शिल बोट संख्या	आंशिक रुपमा उत्पादन शिल बोट संख्या	जम्मा उत्पादन (मे.टन)	थप विस्तार हुने क्षेत्रफल (हेक्टर)

ख) प्रस्तावित सिजनल बाली

जग्गाको क्षेत्रफल	तोकिएको बालीले ढाक्ने क्षेत्रफल	उत्पादत्व (मे.टन प्रति हेक्टर)	जम्मा उत्पादन (मे.टन)	थप विस्तार हुने क्षेत्रफल (हेक्टर)

ग) प्रस्तावित पशुपालन

पशुपालन	पशुधनको संख्या	प्रति पशुधन उत्पादन (दुध र मासु)	जम्मा उत्पादन (मे.टन)	थप विस्तार हुने क्षेत्रफल (हेक्टर)

घ) प्रस्तावित मत्स्यपालन

माछाको जात	पोखरी संख्या	जलाशय क्षेत्रफल (हेक्टर)	उत्पादन (मे.टन)	थप हुने जलाशय क्षेत्रफल (हेक्टर)

८) प्रस्तावित पकेटमा उल्लेख गरिएको बाली/वस्तुको प्राविधिक एवं भौगोलिक उपयुक्तता

९) प्रस्तावित पकेटमा उल्लेख गरिएको बाली/वस्तुको बजारीकरणको सम्भावना

प्रमुख बजार	उपलब्ध बजार पूर्वाधार	उत्पादन (मे.टन)

१०) प्रस्तावित पकेट सञ्चालन गर्न आवश्यक कृषि उत्पादन सामाग्री उपलब्धताको स्रोत एवं अवस्था

उत्पादन सामाग्री	उपलब्ध स्रोत

११) प्रस्तावित पकेट अन्तर्गतको बाली/वस्तुको उत्पादनको लागि आवश्यक कृषि पूर्वाधारहरुको उपलब्धता

१२) प्रस्तावित पकेट क्षेत्र भित्र सामूहिक खेती वा कलष्टर खेतीको हालको अवस्था एवं विस्तारको सम्भावना

१३) प्रस्तावित पकेट कार्यान्वयनवाट थप हुन सक्ने रोजगारीका अवसरहरु

आंशिक रोजगारी	पूर्णकालिन रोजगारी	दैनिक ज्यालादारी

१४) प्रस्तावित पकेट माग गर्नुका आधारहरु (न्युनतम क्षेत्रफल वा संख्या, संस्थागत क्षमता, आवेदक संस्थाहरुले यहि प्रकृतिका कार्यक्रम सन्चालन गरेको अनुभव आदि)

१५) प्रस्तावित पकेट र बाली/वस्तु छनौट गर्नका पुष्टयाई

१६) प्रस्तावित पकेट माग गर्ने संस्थाको प्रोफाइल

निवेदक

हस्ताक्षर :

नाम थर :

ठेगाना :

सम्पर्क नं.:

समूह, समितिको नाम :

समूह, संस्थाको छाप :

आज्ञाले

बद्रिनाथ लम्साल

प्रमुख प्रशासकीय अधिकृत